नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७८।०८।०१**

## प्रेस विज्ञप्ती

केन्द्रीय अनुसन्धान व्यूरोबाट खटिएको प्रहरी टोलीले काठमाण्डौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नम्बर २३ स्थित गोल्डेन लिफ होटलमा कानून बमोजिम खानतलासी गर्दा अवैध रूपमा लुकाई राखेको नेपाली रूपैयाँ रु.९९,८४,०००।- (अक्षरूपी उनान्सय लाख चौरासी हजार मात्र), अमेरिकी डलर ९००/- (अक्षरूपी नौ सय मात्र) र चाईनिज यूआन ६ (छ मात्र) समेत बरामद गरी राजस्व अनुसन्धान विभाग,हरिहरभवनमा दाखिला भई अनुसन्धान गरिएकोमा प्राप्त सबुद प्रमाणबाट प्रतिवादीहरु जिल्ला झापा, दमक नगरपालिका वडा नम्बर ६ स्थायी वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नम्बर १३ ताहाचल बस्ने विकास मित्तल, जिल्ला झापा दमक नगरपालिका वडा नम्बर ६ स्थायी वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नम्बर ३१ वागबजार बस्ने कमल मित्तल, जिल्ला पर्वत कुश्मा नगरपालिका वडा नम्बर १ स्थायी वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नम्बर २२ सामाखुशी बस्ने गणेश पौडेल र जिल्ला पर्वत कुश्मा नगरपालिका-१ स्थायी वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका -२२ सामाखुशी बस्ने, दाजुभाई इन्टरप्राइजेज (स्थायी लेखा नं.६०१०९९२९८) सवलवहाल, काठमाण्डौंको प्रोपाइटर समुन्द्र पौडेलले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) बमोजिम राजस्व चुहावटको कसूर गरेको पुष्टि हुन आएकोले विकास मित्तलको हकमा रु. ३,९२,९१,५३९।-, गणेश पौडेलको हकमा रु. १,९५,६१,७३५।-, समुन्द्र पौडेल र गणेश पौडेलको हकमा रु.१,०९,७०,१५३।- र कमल मित्तलको हकमा रु. १४,४७,९५४।- बिगो कायम गरी उल्लेखित कसूर अपराधमा ऐ.ऐनको साविक दफा २३(१) र संशोधित दफा २३ को उपदफा (१) को (क)/ (ख), २३(२) र २३(४) बमोजिम जरिवाना तथा हदैसम्मको कैद सजायको मागदावी लिई मिति २०७८।०८।०१ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**